# पोखरा महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### स्वास्थ्य महाशाखा

शिशुवा,कास्की
गण्डकी प्रदेश ,नेपाल

hd.pokhara@gmail.com


पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्वास्थ्य महाशाखा
शिशुवा, कास्की
गण्डकी प्रदेश, नेपाल

## स्वास्थ्य अनुसन्धान प्रस्ताव आह्वानको सूचना

(मितिः २०८२/१०/१४)

पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालय स्वास्थ्य महाशाखाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार, पोखरा महानगरपालिका द्वारा तोकिएका प्राथमिकताका क्षेत्रहरुमा अनुसन्धान गर्नको लागि अनुसन्धान प्रस्ताव आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ। अनुसन्धान सम्वन्धी क्रियाकलापहरु पोखरा महानगरपालिका द्वारा स्वीकृत अनुसन्धानात्मक कार्य सन्चालन कार्यवीधि, २०७९ अनुसार संचालन गरिनेछ।

<u>अनुसन्धानका सर्तनामाहरु</u>

१. अनुसन्धान प्रस्ताव सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र पोखरा महानगरपालिका स्वास्थ्य महाशाखामा कार्यालय समय भित्र पेश गर्नु पर्नेछ। अनुसन्धानको प्रस्तावना पेश गर्दा डिजिटल कपि र हार्ड कपि दुवै किसिममा पेश गर्नुपर्नेछ।

२.अनुसन्धानको कम्तिमा एक क्षेत्र पोखरा महानगरपालिका हुनुपर्नेछ।

३.अनुसन्धान कार्य २०८३ असार १५ भित्र सम्पन्न गरि प्रतिवेदन पेश गर्नुपर्नेछ।

४.प्राप्त भएका प्रस्तावनाहरु मध्येबाट पोखरा महानगरपालिका स्वास्थ्य अनुसन्धान समितिले उपयुक्त प्रस्तावनाहरू कार्यविधिमा तोकिएको प्रक्रियाबाट छनोट गर्ने छ।प्रस्तावना छनौटका लागि प्रस्तावकले तोकिएको मितिमा आँफै उपस्थित भै अनुसन्धान प्रस्तावको प्रस्तुतीकरण गर्नुपर्ने छ।

५.स्वास्थ्य, शिक्षा, विज्ञान तथा प्रविधि संकायका विषयहरुमा न्युनतम स्नातकोत्तर तह अध्यनरत वा उत्तिण विद्यार्थी वा विज्ञहरु यस अनुसन्धान कार्यका लागि योग्य हुनेछन्। स्नातकोत्तर तहमा अध्यनरत विद्यार्थीहरुको हकमा सम्बन्धित विषय विज्ञको प्रत्यक्ष सुपरिवेक्षणमा अनुसन्धान पुरा गर्ने प्रतिवद्धतापत्र समेत अनुसन्धान प्रस्ताव साथै संलग्न गरेको हुनुपर्नेछ।

६.प्रस्तावसँगै व्यक्तिगत वा सस्थागत निवेदन, नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताका प्रमाणपत्रहरू, अनुसन्धानकर्ताको बायोडाटा, विद्यार्थीको हकमा सुपरिबेक्षकको बायोडाटा तथा प्रतिबद्दता पत्र र सम्बन्धित विश्वविद्यालय/विद्यालयको IRC/NHRC बाट लिएको सहमतिपत्र पेश गर्नुपर्ने छ।

५. नियम अनुसार छनोट भएका अनुसन्धान प्रस्तावहरुलाई अनुसन्धानको प्रकृति हेरी अधिकतम रु. ५०,००० (अक्षरुपि रु पचास हजार सम्म) अनुदान उपलब्ध गराइनेछ।सो रकमको भुक्तानी अन्तिम प्रतिवेदन प्राप्त भएपछि मात्र दिइनेछ।

# पोखरा महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### स्वास्थ्य महाशाखा
शिशुवा,कास्की
गण्डकी प्रदेश ,नेपाल

hd.pokhara@gmail.com


**अनुसन्धानका क्षेत्रहरु**

१. नसर्ने रोगहरु
२. मानसिक स्वास्थ्य
३. मातृ तथा बाल पोषण
४. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवा
५. स्वास्थ्य बिमा
६. खोप सेवाको पहुँच र उपभोग
७. मलेरिया, डेंगु तथा अन्य किटजन्य रोगहरु
८. खाद्यपदार्थमा प्रयोग भएका विषादी अवस्था र मानब स्वास्थ्यमा त्यसको प्रभाव
९. क्षयरोग् नियन्त्रण सेवा
१०. आँखा, नाक, कान, तथा घाँटी सम्बन्धि रोगहरु
११. कोभिड, रेविज जस्ता संक्रामक रोगहरू
१२. प्रदुषण, स्वास्थ्य संस्थाजन्य फोहोरमैला व्यवस्थापन
१३. खानेपानी तथा सरसफाई
१४. स्वास्थ्य सेवाको गुणस्तर तथा प्रभावकारिता
१५. परिवार नियोजन सेवा

**अनुसन्धान प्रस्तावको ढांचा**

१. शिर्षक (Title)
२. परिचय/पृष्ठभूमी (Introduction/Background)
३. समस्याको कथन (Statement of the Problem)
४. औचित्य (Rational)
५. अनुसन्धानको प्रश्न/परिकल्पना (Research question/Research hypothesis)
६. अनुशन्धानका उद्देश्यहरू (Objectives)
७. सैद्धान्तिक ढाँचा/दृष्टिकोण (Theoretical/Conceptual Framework)
८. साहित्य समिक्षा (Literature review)
९. अनुसन्धान विधि (Research Methodology )
१०. आशातित प्रतिफलहरू (Expected Outcomes)
११. नैतिक समस्या /मुद्दा (Ethical Issues )
१२. समय सिमा (Timeline)
१३. अनुमानित लागत ( Estimated Budget )
१४. सन्दर्भ सामाग्रीहरू (References)
१५. अनुसूचिहरू (Annex)

नोट : प्रस्तावना नेपाली वा अंग्रेजी कुनै एक भाषामा हुनुपर्नेछ। यस अनुसन्धान कार्यको लागि पेश गरिएको प्रस्ताव पहिला प्रकाशित भैसकेको र आर्थिक सहयोगको लागि अन्यत्र संस्थामा पेश गरिएको हुनुहुदैन। विस्तृत जानकारीको लागि पोखरा महानगरपालिका स्वास्थ्य महाशाखा, सम्पर्क नम्बर ९८५६०५८२८८, ९८४३७४४९५, ९८४६०४९९९६ मा सम्पर्क राखुहोला ।

.............................
भरतराज पौडेल
स्वास्थ्य महाशाखा प्रमुख